सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २२५ ♦ २०८३ साल वैशाख ८ मंगलवार ♦ 21 April 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## नव वर्ष २०८३ को शुभकामना



नव वर्ष २०८३ को अवसरमा मधेस प्रदेश सहित सम्पूर्ण उद्योगी, व्यवसायी, व्यापारी, ग्राहक वर्ग तथा सहयोगी शुभचिन्तकहरुमा सुख, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

CNI Madhesh Province

सि.ए. प्रमोद कुमार साह
अध्यक्ष
नेपाल उद्योग परिसंघ मधेस प्रदेश (CNI)

## भन्सार नीति पुनर्विचार गर्न केन्द्र सरकारसँग मधेसका अर्थमन्त्रीको आग्रह




**खबर दर्पण समाचारदाता**
**वैशाख ७ गते, बर्दिवास**

भारतबाट हुने सामान आयातमा हाल लागू गरिएको भन्सार सम्बन्धी व्यवस्थाले सीमा क्षेत्रका नागरिकको दैनिकी असहज बन्दै गएको भन्दै मधेस प्रदेशका अर्थमन्त्री महेशप्रसाद यादवले सरकारको गम्भीर ध्यानाकर्षण गराएका छन् ।

सोमबार सार्वजनिक गरिएको वक्तव्यमार्फत मन्त्री यादवले सीमामा लागु गरिएका कडाइपूर्ण नीतिका कारण सामान्य आवतजावतदेखि दैनिक उपभोग्य वस्तुको ओसारपसार सम्म प्रभावित भएको उल्लेख गरेका छन् । उनका अनुसार यसले सीमावर्ती क्षेत्रका बासिन्दाको जीवनयापन मात्र कठिन बनाएको छैन, नेपाल-भारतबिच सदियौँदेखि कायम रहँदै आएको सामाजिक तथा सांस्कृतिक सम्बन्धमा समेत असर पार्न थालेको छ ।

’यस्ता व्यवस्थाले केवल आर्थिक गतिविधिमा मात्र होइन, दुई देशबिचको ‘बेटी-रोटी’ सम्बन्धमै समेत असहजता सिर्जना गरेको छ,’ वक्तव्यमा भनिएको छ । अर्थमन्त्री यादवले हालको अवस्थाबारे यथार्थ अध्ययन गरी नागरिकमैत्री, व्यवहारिक र सन्तुलित नीति अवलम्बन गर्न नेपाल सरकारसँग आग्रह गरेका छन् । सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकको संवेदनशीलतालाई केन्द्रमा राखेर नीतिगत निर्णय हुनुपर्ने उनको जोड छ ।

यसैबिच उनले मधेस प्रदेशका विभिन्न स्थानमा भइरहेको सडक तथा फुटपाथ व्यवस्थापनका क्रममा साना तथा निम्न आय भएका व्यवसायी प्रभावित भइरहेको विषयप्रति पनि ध्यानाकर्षण गराएका छन् ।

पछिल्लो समय बजार व्यवस्थापनको नाममा वैकल्पिक व्यवस्था नगरी चालिएका कदमले साना व्यवसायीको रोजीरोटीमै प्रत्यक्ष असर परेको उनले उल्लेख गरेका छन्। ’स्पष्ट विकल्पबिना गरिने यस्ता कार्यले साना उद्यमीको आर्थिक अवस्था झन् जटिल बनाउने जोखिम बढेको छ,’ यादवको भनाइ छ। उनले सडक व्यवस्थापन आवश्यक भए पनि त्यसबाट प्रभावित व्यवसायीको पुनःस्थापनाका लागि ठोस योजना अनिवार्य रूपमा ल्याउनुपर्ने माग गरेका छन् । अर्थमन्त्री यादवले नेपाल सरकार, गृह मन्त्रालय तथा सम्बन्धित निकायसँग दुवै विषयमा आवश्यक समन्वय, संवाद र दीर्घकालीन समाधान खोज्न आग्रह गरेका छन् ।

## शिक्षक नपुगेको विद्यालयमा प्रदेश सरकारले करार शिक्षक दिदैं : शिक्षामन्त्री शर्मा



**खबर दर्पण समाचारदाता**
**वैशाख ७ गते, बर्दिवास**

मधेश प्रदेशका सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर खस्किरहेको वेलामा जनपुर धाममा ११७ वर्ष अघि स्थापना भएको याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयले आफ्नो पुरानो विरासतलाई कायम रख्दै गुणस्तरीय शिक्षा दिनमा सफल भएको छ ।

आधुनिक जनकपुरधामको निर्माताका रुपमा चिनिनु भएका मौनीबाबाले स्थापना गरेका ज्ञानकूप संस्कृत माध्यमिक विद्यालयले प्राचीन संस्कृत शिक्षा संगै आधुनिक शिक्षामा जोड दिएपछि विद्यार्थी भर्ना भ्याई नभ्याईको अवस्थामा रहेको प्रधानाध्यापक संजय कुमार झाले जानकारी दिए ।

विद्यालयले विद्यालयको शैक्षिक तथा भौतिक विकासमा गरेको प्रगतिका कारणले अभिभावकहरुको रोजाईमा पर्न सफल भएको छ। विद्यालयले दिउँसोको समयमा संस्कत शिक्षाका साथै विहानको समयमा अग्रेजी शिक्षा प्रदान गर्दै आएको छ । गत शैक्षिक शत्रमा न्यून शिक्षक तथा पूर्वाधारका बीचमा २ हजार ७ सय ३६ विद्यार्थीहरुलाई भर्ना गरेर अध्ययन अध्यापन गरेका थिए भने यस वर्ष भर्ना हुने क्रम जारी रहेको विद्यालयले जानारी दिएको हो ।

विद्यालयको स्थापना दिवसको सोमवार उद्घाटन गर्दै मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले सामुदायिक विद्यालयहरुमा निक्कै अब्बल रहेको ज्ञानकूप विद्यालयको थप शैक्षिक विकासका लागि मन्त्रालयले विभिन्न प्रकारको सहयोग गरिरहेको बताइन् ।

उनले मधेश प्रदेश सरकारले शिक्षकको अभाव रहेका प्रदेशका विभिन्न माध्यमिक तहको विद्यालयहरुमा विज्ञान, गणित तथा नेपाली विषयमा करार शिक्षक खुल्ला प्रतिस्पर्धा गराएर छनौट गरि पठाएको बताइन् । उनले अहिलेको शिक्षक दरबन्दी विद्यार्थीको अनुपातमा मधेशमा निक्कै कम भएको बताइन् ।

धनुषा जिल्लाका शिक्षा विकास तथा समन्वय ईकाईका प्रमुख चेत प्रसाद पोखरेलले देशकै शिक्षा क्षेत्रको विकासमा ज्ञानकूप संस्कृत माध्यमिक विद्यालयको निक्कै ठूलो योगदान भएको बताए।

स्थानीय अभिभावक तथा

*बाँकी पृष्ठ ३ मा*

## शिरीष संचार समूह

## नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष साप्ताहिक खबरपत्रिका | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# ३० बर्षमा बनेन जलेश्वर स्थित मणिपाल कलेज, बहुमुल्य जग्गा गौचरणमा परिणत

धनवीर महतो

**वैशाख ७ गते, महोत्तरी**



सदरमुकाम जलेश्वरभन्दा ५ सय मिटरकै दुरीमा तारले घेराबेरा गरेको अवस्था फराकिलो गौचरणजस्तो जमिन अलपत्र अवस्थामा रहेको पाईन्छ। छेउमै रातु नदी अनि बर्दिवास जलेश्वर सडकसँगै टाँसिएको यो जमिन वेवारिसे भने पक्कै होईन्। यो जग्गामा बहुप्रतिक्षित अर्न्तराष्ट्रियस्तरको कलेज निर्माणका लागि जलेश्वर वासीले बर्षौ पहिले उपलब्ध गराएका हुन्।

५० को दशकमै मणिपाल ईन्जिनियरिङ कलेज स्थापन हुने चर्चाले हर्षित भएका स्थानियहरु अहिले पछुतो मानिरहेका छन्। सस्तो दररेटमा भविष्य कोर्ने संर चना निर्माण हुने भएपछि उनीहरु हर्षित भएका थिए। तर लामो समय बित्दा समेत कलेजले पुर्णता नपाएपछि स्थानियहरु ती जग्गा विक्री गरि पछुतो मानिरहेको छ।

शैक्षणिक संरचना निर्माणकै लागि कलेजले माग गरे वमोजिमको जग्गा आफुहरुले सहजै रुपमा उपलब्ध गराएको स्थानिय ६५ बर्षिय दानीकान्त पाठकले सुनाए। पाठकले भने, 'हाल अर्बौ रकम बराबरको मुल्यांकन रहेको ती जग्गा अहिले अलपत्र बनेको छ। बहुमुल्य जग्गा न्युनरेटमा विक्री गरि पछुतो लागेको छ। न त त्यहाँ कुनै संरचना बन्यो न त किसानले नै उब्जाउ गर्न नै पाए।

सुनाजस्तो ती जग्गामा अहिले भुमाफिया भने नजर पर्न थालेको छ। ती भुमाफियाहरु कतिबेला कब्जामा लिने हो ठेगान छैन्।'स्थानियलाई रोजगारी अनि बालबच्चालाई शिक्षित बनाउने भविष्यको सपनाले त आफुहरुको मन लोभ्याएको ४५ बर्षिय शिवचन्दै चौधरीले बताए। ३० विग्हा जग्गा मणिपाललाई उपलब्ध गराएको जानकारी दिदै उनले थपे, 'थोरै समयमा नै संरचनाको निर्माण गरि अन्तराष्ट्रियस्तरको प्राविधीक शिक्षा दिईने भनेपछि जलेश्वर वासी हुरुक्कै भएका थिए।

३ दशकमा अनेकौ परिवर्तन भएतापनि जलेश्वरको मुटुमा रहेको ती मणिपालको जग्गा अहिले अलपत्र छ। न त सरकारको ध्यान गएको छ। न त यसलाई संरक्षणका लागि नै कसैले पहलकदमी उठाएको छ। जहिले नि चुनावी नाराको रुपमा ती जग्गा नेताहरुको घोषणापत्रमा भने उल्लेख भएको पाईन्छ।'

२ बर्ष अगाडि त्यहाँको जनताहरुले आवाज उठाएपछि मणिपाल कॉलेजले केही भौतिक संरचनाको काम अगाडि बढाएको श्याम यादवले जानकारी दिए। उनले भने, 'यस विषयमा तत्कालिन समयमा संसदमा आवाज उठेपछि जलेश्वरवासीमा पुनः आशा पलाएको थियो। तर त्यो त दिवा स्वप्न मात्रै रहेछ। ती जग्गामा अहिले भु माफियाको गिद्धेनजर परेको छ। सरोकार वाला निकायले समयमै ध्यान नदिने हो भने मणिपालको अस्तित्व नै यहाँबाट समाप्त हुने डर लाग्न थालेको छ।'

मणिपाल कलेजका प्रमुख इञ्जिनीयर सञ्जयकुमार गुप्ताले भारतको बिहार र उत्तर प्रदेशसँग सिमाना जोडिएको यस क्षेत्रमा भारतीय विद्यार्थी पनि जलेश्वरमा इञ्जिनियरिङ शिक्षाका लागि आउने ठूलो सम्भावना रहेको बताए। उनले कलेज निर्माण तथा सञ्चालनका लागि जलेश्वर नगरपालिका तथा स्थानीयवासीको साथ र सहयोग भए निर्माण कार्य सुरु गरेर चाँडै सम्पन्न गरी/गराई इञ्जिनियरिङ तथा अन्य अन्तर्राष्ट्रियस्तरको प्राविधिक शिक्षाको शुभारम्भ गरिसक्ने उल्लेख गरे।

महोत्तरीका बरिष्ठ पत्रकार दशरथ भण्डारीले यहाँ तत्कालिन आदर्श गाँउ पञ्चायत रहेकै समयमा २०३९ सालको शुरुवातदेखि नै जलेश्वरमा ठुलो इन्जिनियरिङ कलेज खुल्ने चर्चा छाएको थियो। जग्गाको खोजी कार्य भएपछि जलेश्वर लगायत छेउमै रहेको बजराही, रतबाराका किसानहरुले जग्गा दिनका लागि सहमत भएको भण्डारीले बताए। उनले भने, '३० वर्ष अगाडि यहाँ जुन कलेज बन्ने चर्चा थियो। त्यो अहिले बाँझो जमिनको रुपमा परिणत भएको छ। कलेज व्यवस्थापनपक्ष सम्पर्कविहीन बनेपछि उक्त योजना अलपत्र परेको थियो। अहिले आएर फेरि कलेज बन्छ भनेर विश्वास गर्न कठिन छ तर जलेश्वरवासीको आशा भने अझ मरेको छैन्।'

२०५४ सालमा ३० बिघा जग्गा कलेज स्थापनाका लागि भनेर खरिद गरिएको थियो। जलेश्वरको भविष्य राम्रो होस् भनेर सय भन्दा बढी किसानले प्रति कट्ठा २ क्विन्टलसम्म धान फल्ने खेत कट्ठाको मात्र १० हजार रुपियाँमा बेचेको स्थानिय सिताराम झाले बताए। झाले भने, 'जग्गा बेच्नेको नामावली कलेजभित्र राखिने र जग्गा धनीहरूको परिवारका सदस्यलाई जागिर दिने आश्वासन समेत कलेज व्यवस्थापन पक्षबाट पाएको थियो।

जलेश्वर नगरपालिका कार्यालय स्रोतका अनुसार, मणिपाल एजुकेसन ग्रुपले २०५४ वैशाख ९ गते कलेज भवन बनाउन नक्शा पाससमेत गराएको थियो। त्यसको ठेक्का चितवन कोई प्रालिलाई दिइएको थियो। त्यतिबेला भवन निर्माणको तयारी चलिरहँदा रातु नदीमा बाढी आएपछि रोकिएको काम त्यसपछि कहिल्यै अघि बढेन। रातु नदीमा बाढी आएपछि कलेज निर्माण रोकेको भारतीय कम्पनी फर्कैरै कहिल्यै आएन। राजनीतिक दलले पनि इन्जिनियरिङ कलेजलाई ३० वर्षदेखि चुनावी मुद्दा मात्र बनाइरहे।

महोत्तरीको सदरमुकाम जलेश्वर बजारदेखि एक किलोमिटरको दूरीमा बर्दिवास जलेश्वर सडकखण्डको छेउमै सो जग्गा गौचरणमा परिर्वतन भएको छ। उनीहरु बालेन नेतृत्वको सरकारसँग कलेज स्थापनाका लागि पहलकदमी चाल्नुपर्ने जोडदार माग गरेका छन्।

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

## कम्पनी रजिष्ट्रारको कार्यालयको

## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन बमोजीम मिति २०७३।०४।०७ मा दर्ता भएको प्रा.लि.नं.१५२९९३ भएको नेवा स्नुकर हाउस एण्ड खाजाघर (प्रा.ली.) को २०८३।०१।०६ मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सुचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सुचना जारी गरिएको छ।

**लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**

**कीर्तिपुर न.पा.वडा नं ०४ ,काठमान्डौ**

**सम्पर्क नम्वर:९८४३२४५९८२**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९

विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# शिक्षक नपुगेको विद्यालयमा प्रदेश सरकारले .............

बुद्धिजीजि मोहन उपाध्यायले आधुनिक जनकपुरधामको निर्माणमा मौनिवावाको ठूलो योगदान भएको चर्चा गर्दै ज्ञानकूप संस्कृत माध्यमिक विद्यालय, जानकी माध्यमिक विद्यालय र परिक्रमा सडकको निर्माण त्यसको उदाहरण भएको बताए ।

सो कार्यक्रममा विद्यालयको कक्षा १२ मा विज्ञान विषय लिएर अध्ययन गरेका ९ जना मेधावी तथा समावेशी छात्र, छात्राहरुलाई १० हजार नगद र सम्मानपत्र मन्त्री तिवारीले विद्यालयका तर्फवाट प्रदान गरिन। यसै गरि उत्कृष्ट अंक ल्याउने कक्षा ११ का चार जना छात्राहरुलाई अवि प्रतिष्ठानले ३ हजार नगर र प्रमाणपत्र प्रदान गरि सम्मानित गरेको छ ।

सोही कार्यक्रममा वडा नं ८ का वडा कार्यालयले २०८२ सालको वार्षिक परीक्षामा उत्कट अंक ल्याउने कक्षा ८ देखि १२ सम्मका छात्राहरु वडाध्यक्ष विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष दिनेश कुमार सिंहले साईकल वितरण गरे ।मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारीले विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी अपर्याप्त रहेको भन्दै संघ सरकारसँग तत्काल नयाँ दरबन्दी सिर्जना गर्न माग गरेकी छन् ।

जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत विद्यालय ज्ञानकुपको ११७औँ वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै मन्त्री तिवारीले मधेशको शैक्षिक अवस्था सुधारका लागि शिक्षक अभाव मुख्य बाधक रहेको स्पष्ट पारिन् ।

उनले मधेशका अधिकांश विद्यालयमा विद्यार्थीको चाप अत्यधिक भए पनि त्यसअनुसार शिक्षक व्यवस्थापन हुन नसकेको बताउँदै वर्तमान संरचना व्यवहारिक नभएको टिप्पणी गरिन् ।

'हाम्रो बुझाइमा ५० विद्यार्थी बराबर १ शिक्षक हुनुपर्छ । तर, मधेशमा औसतमा ११७ विद्यार्थीका लागि १ शिक्षक मात्र उपलब्ध छन्,' मन्त्री तिवारीले भनिन्, 'यो अवस्था रहँदासम्म गुणस्तरीय शिक्षा सुनिश्चित गर्न सकिँदैन ।'

मन्त्री तिवारीले संघ सरकारले हालै अघि सारेको १०० बुँदे कार्यक्रमलाई कार्यान्वयन गर्दा शिक्षा सुधारलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिइन् ।

उनले शिक्षक अभाव समाधानका लागि या त संघ सरकारले आवश्यक दरबन्दी थप गर्नुपर्ने वा प्रदेश सरकारलाई नै दरबन्दी सिर्जना गर्ने अधिकार हस्तान्तरण गर्नुपर्ने धारणा व्यक्त गरिन् ।

'प्रदेश सरकारसँग अधिकार भएमा हामी स्थानीय आवश्यकताअनुसार छिटो निर्णय गर्न सक्छौं,' उनले भनिन्, 'नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै शिक्षक अभाव समाधानका लागि ठोस पहल आवश्यक छ ।'

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक संजय झाले ११७ वर्ष पुरानो इतिहास बोकेको विद्यालयले विभिन्न उतारचढाव पार गर्दै अहिले पुनः शैक्षिक केन्द्रका रूपमा स्थापित हुन सफल भएको बताए ।

उनले पछिल्लो समय समुदाय र अभिभावकको सक्रिय सहयोगका कारण विद्यालयमा विद्यार्थी संख्या उल्लेखनीय रूपमा बढेको जानकारी दिए । 'केही वर्षअघि विद्यार्थी अभाव झेल्नुपरेको यो विद्यालय अहिले विद्यार्थीले भरिभराउ छ,' झाले भने, 'हामी यसलाई नमूना विद्यालयका रूपमा विकास गर्ने दिशामा अगाडि बढिरहेका छौँ ।'


वार्षिकोत्सवको अवसरमा विद्यालयले ११ जना उत्कृष्ट छात्रालाई साइकल वितरण गरेको छ । साथै, कक्षा १२ विज्ञान संकायमा अध्ययनरत ९ जना छात्रालाई जनही १० हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएको विद्यालय प्रशासनले जनाएको छ ।

शिशु कक्षादेखि कक्षा १२ सम्मका उत्कृष्ट विद्यार्थीहरूलाई समेत पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा शिक्षा क्षेत्रमा देखिएका चुनौती, सुधारका सम्भावना र सामुदायिक सहकार्यको आवश्यकता विषयमा वक्ताहरूले आ-आफ्ना धारणा राखेका थिए ।

सहभागीहरूले मधेशको शिक्षा क्षेत्रमा देखिएको शिक्षक अभाव दीर्घकालीन समस्या बन्न सक्ने भन्दै यसको शीघ्र समाधानतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराए ।


# तीन दिनसम्म गर्मी बढ्ने




आज, भोलि र पर्सि देशका विभिन्न ठाउँमा गर्मी बढ्ने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाका अनुसार मधेशसहित बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्र, उपत्यका तथा खोँचहरूमा अबको तीन दिनसम्म तातो दिन रहने सम्भावना छ ।

पछिल्ला केही दिनयता तापक्रम बढ्दै गएको छ । महाशाखाले तीन दिनसम्मको मौसम पूर्वानुमान गर्दै आएको छ । विशेषगरी तराईका जिल्लाहरूमा अत्यधिक गर्मी महसुस हुने महाशाखाको अनुमान छ । देशका केही ठाउँमा हल्का वर्षाको सम्भावना रहे पनि धेरै ठाउँमा गर्मी बढ्ने भएकाले सावधानी अपनाउन महाशाखाले आग्रह गरेको छ ।

महाशाखाले पर्याप्त पानी पिउन, हल्का र उज्यालो रङका कपडा लगाउन, घाममा निस्कँदा टोपी वा छाता प्रयोग गर्न तथा बालबालिका, सुत्केरी, वृद्ध र बिरामीहरूको विशेष हेरचाह गर्न सुझाव दिएको छ । लामो समय घाममा काम गर्नुपरेमा बीच-बीचमा आराम गर्न पनि आग्रह गरिएको छ ।-खबर दर्पण









# अनियमित निजी विद्यालयमाथि औरही नगरपालिकाको कडाइः अनुमति र शुल्क व्यवस्थामा सुधारको पहल

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**वैशाख ७ गते, महोत्तरी**

औरही नगरपालिका क्षेत्रमा अनुमतिबिना सञ्चालन भइरहेका निजी विद्यालय र मनोमानी शुल्क असुल्ने प्रवृत्तिविरुद्ध स्थानीय सरकारले कडा कदम चाल्ने संकेत दिएको छ। नयाँ शैक्षिक सत्र सुरु हुनुअघि नै विद्यालयहरूको नियमन कडा बनाउने तयारीसहित नगर पालिकाले आवश्यक मापदण्ड पूरा गर्न सबै विद्यालयलाई स्पष्ट निर्देशन दिएको छ।

नगरपालिकाले जारी गरेको निर्देशनअनुसार अब कुनै पनि विद्यालयले आवश्यक कागजात, कानुनी प्रक्रिया र पक्की भौतिक संरचना पूरा नगरी सञ्चालन गर्न पाउने छैन। शिक्षा शाखा प्रमुख धनबहादुर राईका अनुसार नियमविपरीत सञ्चालन भइ रहेका विद्यालयलाई अनुमति नदिने मात्र होइन, त्यस्ता संस्थामाथि कानुनअनुसार कारबाहीसमेत गरिनेछ।

"अनुमतिबिना कक्षा सञ्चालन गर्नु स्पष्ट रूपमा गैरकानुनी हो," उनले भने, "यसलाई नियन्त्रण गर्न नगरपालिका प्रतिबद्ध छ।"

हाल औरही नगरपालिकाभित्र सञ्चालनमा रहेका १४ वटा निजी विद्यालयमध्ये ६ वटा मात्र औपचारिक रूपमा दर्ता भएका छन्। तीमध्ये दुई विद्यालयले कक्षा १० सम्म, तीनले कक्षा ८ सम्म र एउटा विद्यालयले कक्षा ५ सम्म सञ्चालनको अनुमति पाएका छन्। बाँकी विद्यालयहरूले आवश्यक प्रक्रिया पूरा नगरी सञ्चालन गरिरहेको पाइएको छ, जसले शैक्षिक व्यवस्थापनमा चुनौती थपेको छ।

नगरपालिकाका अनुसार केही विद्यालयहरूले अनुमति नै नलिई कक्षा सञ्चालन गर्नुका साथै स्वीकृतभन्दा माथिल्लो तहसम्म अध्यापन गराइरहेका छन्। यस्तो गतिविधिले अभिभावक र विद्यार्थीलाई अन्योलमा पार्नुका साथै समग्र शिक्षा प्रणालीमा अव्यवस्था निम्त्याउने गरेको जनाइएको छ।

नगर प्रमुख प्रदीप कुमार खड्काले नयाँ शैक्षिक सत्र सुरु हुनुअघि सबै विद्यालयले अनिवार्य रूपमा आवश्यक कागजात पेश गर्नुपर्ने र भौतिक संरचनाको मापदण्ड पूरा गरेको प्रमाण देखाउनुपर्ने बताए। उनका अनुसार तोकिएको मापदण्ड पूरा नगरेका विद्यालयलाई कक्षा स्तरोन्नति गर्न अनुमति दिइने छैन। साथै, नयाँ विद्यालयलाई प्रारम्भिक रूपमा प्ले ग्रुपदेखि कक्षा १ सम्म मात्र सञ्चालनको अनुमति दिने नीति लिइएको छ।

शुल्क व्यवस्थापनको विषयमा पनि नगरपालिका कडाइका साथ प्रस्तुत भएको छ। नगर प्रमुख खड्काले निजी विद्यालयहरूले मनोमानी रूपमा शुल्क असुल्ने प्रवृत्ति अब स्वीकार्य नहुने स्पष्ट पार्दै कानुनी प्रक्रिया अनुसार शुल्क निर्धारण गराइने बताए। "शुल्कमा पारदर्शिता ल्याउँदा अभिभावकलाई प्रत्यक्ष राहत पुग्नेछ," उनले उल्लेख गरे।

नगरपालिकाले आगामी बुधबार विद्यालय सञ्चालक तथा प्रधानाध्यापकहरूसँग बैठक आह्वान गरेको छ। उक्त समयसीमाभित्र सबै विद्यालयले आवश्यक प्रक्रिया पूरा गर्नुपर्नेछ। अन्यथा, नियम पालना नगर्ने विद्यालयमाथि कानुनअनुसार कारबाही गर्दै आवश्यक परे बन्दसमेत गरिने चेतावनी दिइएको छ।

अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउँदै नगरपालिका पहिलो चरणमा सचेत गराउने र अटेर गर्ने संस्थामाथि कडा कारबाही अघि बढाउने तयारीमा छ। साथै, अभिभावकलाई अनुमति प्राप्त र मापदण्ड पूरा गरेका विद्यालयमै आफ्ना बालबालिकालाई भर्ना गर्न आग्रह गरिएको छ।

समग्रमा, औरही नगरपालिकाको यो पहलले स्थानीय शिक्षा क्षेत्रमा देखिएको अव्यवस्था नियन्त्रण गर्न र गुणस्तरीय तथा व्यवस्थित शैक्षिक वातावरण निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

**व्यक्तिगत घटना दर्ता सप्ताह**
**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।
**मटिहानी नगरपालिका, महोत्तरी**

**व्यक्तिगत घटना दर्ता सप्ताह**
**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**
व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाईँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।
**औरही नगरपालिका, महोत्तरी**

योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।
योगका फाइदाहरू
शारीरिक स्वास्थ्य सुधारः शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्तिः तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ
ध्यान दिनुपर्ने कुराहरू
खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।
अनुरोधकर्ता :
**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**
➢ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➢ ICU, NICU, PICU सेवा
➢ X-Ray, USG, CT Scan सेवा
➢ Endoscopy/Diode Laser सेवा
➢ Laproscopy सेवा
➢ क्याबिनको समेत व्यवस्था भएको
➢ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➢ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD
**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,